चिचिला गाउँपालिकाको आर्थिक बर्ष २०८०।८१ को अन्तिम

सार्वजनिक सुनुवाई कार्यक्रम

प्रतिवेदन

पेश गरिएको

चिचिला गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
सङ्खुवासभा

पेश गर्ने

बगैँचा मिडिया एण्ड एड्भर्टाइजिङ्ग प्रालि
खाँदबारी, सङ्खुवासभा

CamScanner

विषय सूची

क्र.सं.	शिर्षक	पेज
१)	सहजकर्ताको परिचय	१
२)	भुमिका	१
३)	कार्यक्रम सञ्चालन गरिएको मिति र स्थान	२
४)	कार्यक्रमका सहभागीहरु	२
५)	कार्यक्रम सञ्चालन प्रकृया	२
६)	बहिर्गमन अभिमत नतिजा	३
७)	कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर	१३
८)	सिकाई, सुझाव	१७
९)	निष्कर्ष	१८
१०)	अनुसूचीहरु	

CamScanner

१) सहजकर्ताको परिचयः

यस कार्यक्रमको सहजकर्ता बगैचा मिडिया एण्ड एड्भर्टाईजिङ प्रा.लि. सुचना, सञ्चार र मल्टिमिडियाको क्षेत्रमा काम गर्ने गरि स्थापना भएको कम्पनी हो । यस कम्पनी कम्पनी राजिष्टारको कार्यालय काठ्माण्डौमा दर्ता भएको हो भने यसको मुख्य कार्यालय जिल्लाको सदरमुकाम खाँदबारीमा अवस्थित छ ।

रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन पत्रिका, रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण यस कम्पनीको मुख्य कार्यहरु हुन् । त्यस्तै, चलचित्र, टेलिभिजन, भिडियो चित्र, वृत्त चित्र लगायतका कार्यहरु पनि यस कम्पनीले गर्दै आएको छ । त्यस बाहेक विभिन्न सञ्चार माध्ययम तथा सञ्चार क्षेत्रमा सुचना तथा विज्ञापनहरु सङ्कलन तथा उत्पादन गरि विभिन्न सञ्चार माध्ययमवाट प्रकाशन प्रसारण गर्नु पनि यस कम्पनीको मुख्य कार्य भित्र पर्दछ ।

यस सम्पनीको स्थापना यता थुप्रै सरकारी तथा गैह्र सरकारी संघ संस्था, कार्यालय, उपभोक्ता समिति लगायतको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिसकेको छ । मुख्य गरि विभिन्न स्थानीय तहहरुको कार्य सम्पादनको सार्वजनिक सुनुवाई कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

२) भुमिका

नेपाल संघीय संरचनामा गएसँगै प्रत्येक स्थानीय तहहरुले स्थानीय सरकारको जिम्मेवारी पाएको छ । स्थानीय तहमा व्यावस्थापिका, कार्यपालिका र न्यायपालिका रहेकोले यसलाई स्थानीय सरकार भनिएको हो । स्थानीय सरकारद्वारा जनताले शासनमा सहभागी हुने र लोकतन्त्रको प्रतिफल प्राप्ति गर्ने अवसर प्राप्त गर्छन् । यसैले स्थानीय शासन, लोकतन्त्र र असल शासनको आधारस्तम्भ मानिन्छ । सुशासनका आधारभुत तत्वका रुपमा पारदर्शिता, सार्वजनिक उत्तरदायित्व, प्रभावकारीता, कानुनको पालना तथा भ्रष्टाचार नियन्त्रणलाई लिईन्छ ।

लोकतन्त्रको मुख्य उद्देश्य मुलुकमा सुशासन प्रवर्द्धन गरि शासनसत्ता र संयन्त्रलाई नागरिकहरुको हितमा केन्द्रित गर्नु हो । सुशासन शासन व्यवस्था तथा सरकारको चाहना, लक्ष्यको रुपमा स्थापित भईसकेको सन्दर्भमा समग्र सुशासन स्थापनामा स्थानीय सरकारको भुमिका अपरिहार्य र महत्वपूर्ण रहन्छ । संविधानले स्थानीय प्रकृतिका सेवा सुविधा प्रबाह गर्ने जिम्मेवारी र स्थानीय स्तरमा हुने विकास निर्माणका कार्य समेत स्थानीय सरकारलाई प्रदान गरेबाट नागरिक कर्तब्य पालनामा स्थानीय तहको निर्णायक भुमिका रहन्छ ।

स्थानीय सरकारले संविधानतः प्राप्त अधिकार बमोजिम कार्य सम्पादन गर्दा सुशासनका मान्यता आत्मसात गर्नु पर्छ । आफ्नो निर्णयमा खुलापन र पारदर्शिता, सार्वजनिक उत्तरदायित्व निर्वाह, कार्य सम्पादनमा प्रभावकारीता, कानुनको शासनको प्रभावकारी अभ्यास, भ्रष्टाचार नियन्त्रणको पर्याप्त र प्रभावकारी उपायका अवलम्बन, सरोकारवालाको सहभागीता, निर्णयमा पहुँच तथा शासन र लाभमा सवैको समावेशी सहभागिता जस्ता मानकले नै स्थानीय सरकारको सुशासनको अवस्थालाई प्रतिबिम्बित गर्छ ।

CS CamScanner

सरकारले स्थानीय स्तरमा विकास निर्माण लगायत अन्य विभिन्न कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्ने क्रममा स्थानीय नागरिकहरुको मागलाई ध्यानमा राखि बजेट, नीति, योजना तथा कार्यक्रमहरु तय गर्ने गर्दछ । स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय नियमावली २०६४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ र त्यस अन्तर्गतका ऐन, नियमावली तथा कार्यविधीहरु लगायतका कानुनहरु बमोजिम सम्पादन भएका कार्यहरुको सार्वजनिक सुनुवाई गर्नु पर्दछ । सो कार्यका लागि सुशासन (व्यवस्था र सञ्चालन) ऐन २०६४, तत्त सम्वन्धी नियमावली २०६५ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ लगायतका कानुनी व्यवस्था तय गरिएको छ । सोही अनुसार चिचिला गाउँपालिकाको आर्थिक बर्ष २०८०।८१ को अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको हो ।

३) कार्यक्रम सञ्चालन गरिएको मिति र स्थान

कार्यक्रम २०८० असार ६ गतेका दिन चिचिला गाउँपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो ।

४) कार्यक्रमका सहभागीहरु

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख बविता खत्री प्रमुख अतिथि रहनुभएको थियो भने जिल्ला समन्वय अधिकारी शुक्रादेवी राई विशिष्ट अतिथी रहनुभएको थियो । त्यस्तै गाउँपालिकाका जनप्रतिनिधीहरु, विषयगत समितिका पदाधिकारीहरु, कर्मचारीहरु र स्थानीय नागरिकहरु गरि करिव सय जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा सहभागी सुची र फोटोहरु अनुसुचीमा राखिएको छ ।

५) कार्यक्रम सञ्चालन प्रकृया

सार्वजनिक सुनुवाई कार्यक्रमको मिति तोकिएपछि एक हप्तासम्म कार्यक्रममा उपस्थित हुने बारे स्थानीय ३ रेडियोहरुबाट प्रचारप्रसार गरिएको थियो भने सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरुलाई पत्राचार समेत गरिएको थियो ।

गाउँपालिका अध्यक्ष श्री पासाङ नुर्बू शेर्पाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा चालु आर्थिक बषमा सम्पन्न भएका तथा सञ्चालनको अवस्थामा रहेको योजना तथा कार्यक्रमहरुको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत सन्तोष राईले प्रस्तुत गरेका थिए । यो सँगै नागरिक स्तरमा सङ्कलन गरिएको नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत फारमको नतिजा प्रस्तुत गरिएको थियो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष राईले प्रस्तुत गरेको प्रतिवेदन उपर सहभागी नागरिकहरुले आफ्ना प्रश्न, जिज्ञासा, गुनासा तथा सुझावहरु राखेका थिए । नागरिकहरुबाट उठेका सवालहरुको सहजिकरण गर्दै सम्बन्धित समितिका जनप्रतिनिधी तथा कर्मचारीहरुले जवाफदेहिता वहन गरेका थिए । उक्त प्रश्न र जवाफ तल उल्लेख गरिएको छ ।

अन्त्यमा, जनप्रतिनिधीहरुको तर्फबाट गाउँपालिका अध्यक्ष पासाङ नुर्वु शेर्पाले सहभागीहरुबाट प्राप्त रचनात्मक सुझावहरु ग्रहण गर्दै आगामी दिनमा सेवा प्रबाहलाई थप चुस्त र पारदर्शी बनाउने प्रतिवद्धता ब्यक्त गर्दै गाउँपालिका अध्यक्ष शेर्पाले कार्यक्रम सम्पन्न गरेका थिए ।

CamScanner

कार्यक्रमलाई स्थानीय रेडियोहरुबाट समेत प्रत्यक्ष प्रसारण गरिएको थियो ।

६) बहिर्गमन अभिमत नतिजा (जनामा)

क) नागरिक सन्तुष्टि फारम प्रतिवेदन (प्रश्नावली भाग १)

१. सेवाको सन्तुष्टि

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट : ९

ठीकै : ३८

असन्तुष्ट : ३

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट : ६

ठीकै : ४२

असन्तुष्ट : २

२. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट : ११

ठीकै : ३५

असन्तुष्ट : ४

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त : १५

ठीकै : २८

अविश्वस्त : ७

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन : ४०

एकदमै कम : १०

धेरै तिरेको : ०

CamScanner

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन : ०

२ दिन : ३६

धेरै दिन : १४

३. सेवाप्रतिको जनविश्वास

३.१ गाउँपालिका कार्यालय तथा वडाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त : १८

ठीकै : ३२

अविश्वस्त : ०

३.२ कार्यालयले प्रदान गर्ने सेवाको बारेमा कत्तिको प्रचार गरिएको छ ?

धेरै : १८

ठीकै : २८

गरेको छैन : ४

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै : २१

ठीकै : २८

विश्वास छैन : १

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुटयाएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ : १३

छैन : ३०

अलिअलि थाहा छ : ७

४. सेवाको गुणस्तर

४.१ कार्यालयबाट सेवा लिनका लागि कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट : २२

कम सन्तुष्ट : १९

CamScanner

असन्तुष्ट : ९

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै : ३७

गाउँका ठूलाबडाको : ७

मध्यस्थकर्ता : ६

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

१ पटक : ११

२ पटक : २६

सो भन्दा वढी : १३

५. सेवा सम्वन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो : १६

ठीकै : ३१

नराम्रो : ३

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ : १२

आंशिक जानकारी छ : १७

कुनै जानकारी छैन : २१

५.३ कार्यालय र सेवाग्राहि नागरिकहरु बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो : १९

ठीकै : ३०

खासै राम्रो छैन : १

५.४ पालिकाबाट आयोजित सार्वजनिक कार्यक्रममा पिछडिएका नागरकिहरुको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत भन्दा कम : १५

५० प्रतिशत भन्दा माथि : १९

थाहा छैन : १६

CamScanner

५.५ राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ?

छ : २०

ठीकै छ : २१

प्रतिनिधित्व साह्रै कम छ : ९

६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै : १०

कम : २५

गरेको छैन : १५

६.२ तपाईको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै : १८

ठीकै : २२

अति कम : १०

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ : २०

ठीकै भएको छ : २३

भएकै छैन : ७

ख) नागरिक सन्तुष्टि फारम प्रतिवेदन (प्रश्नावली भाग २)

१. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ : २३

ठीकै पाएँ : २३

स्पष्ट पाईन : ४

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?

दिएँ : ०

CamScanner

थोरै दिएँ : २

मागिएन र दिइएन पनि : ४८

१.३ कार्यालयबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं : ३२

मध्यस्थकर्ता वा कार्यालयकै मान्छे : १८

नेता/ठूलाबडा : ०

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

सबैसग उठाउँछन् : १६

सीमित व्यक्तिसँग मात्र उठाउँछन् : ३०

धेरै वक्यौता रहने गरेको छ : ४

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो : २६

ठीकै : २२

खराब : २

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ : ३८

पटक पटक भनेपछि मात्रै हुन्छ : १२

जति भनेपनि हुन्न : ०

२.३ तपाईको विचारमा सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?
नियमित र राम्रो संग : २४

ठीकै गर्छ : २२

नियमित रुपमा गर्दैनन् : ४

CamScanner

२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो : १९

ठीकै : २९

खराब : २

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् : १४

ठीकै छन् : ३५

प्रभावकारी छैनन् : १

२.६ योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज : ९

ठीकै : ३८

अप्ठयारो : ३

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन : ५०

मागेरै लिन्छन : ०

रकम नदिए अप्ठ्यारो पार्छन : ०

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो : २२

कहिले काँही पाइयो : २८

माग गर्दा पनि पाइएन : ०

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?

सजिलै पाइन्छ : १७

सोधेपछि पाइन्छ : ३३

सोधेपनि पाइदैन : ०

CamScanner

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ : १७

ठीकै पालना भएको छ : ३३

कत्ति पनि पालना भएको छैन : ०

२.११ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनु भएको छ ?

धेरै सहयोग पाएको छु : १२

ठीकै सहयोग पाएको छु : ३८

निरुत्साहित गरिन्छ : ०

३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध : २०

कम श्रोत उपलब्ध : २३

अति कम श्रोत उपलब्ध : ७

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल : १५

ठीकै : ३२

जटिल : ३

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ : ४२

आवश्यकता भन्दा कम छ : ८

सीप निकै कम छ : ०

३.४ गाउँपालिकाको आम्दानी र खर्च वाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु : ०

CamScanner

कहिले काँही टाँसेको देखिन्छ : १०

कतै देखिएन : ४०

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ : २३

ठीकै मूल्यांकन हुने गरेको छ : २७

कहिले पनि भएको थाहा छैन : ०

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट : ११

ठीकै : ३३

कुनै जानकारी छैन : ६

४. पारदर्शिता सम्वन्धी

४.१ गाउँपालिकामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा : ३२

२ वटा : १०

कार्यक्रम बारे कुनै जानकारी नै छैन : ८

४.२ गाउँपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धरै : ८

कम : १९

भएकै छैन : १३

४.३ गाउँपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ : १०

अहिलेसम्म सञ्चालन भएकै छैन : १६

कार्यक्रम बारे कुनै जानकारी नै छैन : २४

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?

CamScanner

धेरै : १३

ठीकै : २७

कम : १०

ग) बहिर्गमन अभिमत नतिजा

१) कार्यालयमा देहायको कामको लागि आएका सेवाग्राहिहरुको संख्या

क) सिफारिस लिन/पुऱ्याउन : १९ जना

ख) दर्ता/नवीकरण : ९

ग) आर्थिक सहयोग लिन : २

घ) योजना माग गर्न : ०

ङ) योजनाको किस्ता लिन : ११

च) योजनाको मूल्याङ्कन गराउन : ०

छ) योजनाको अन्तिम भुक्तानी लिन : १२

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न : ०

झ) सूचनामूलक सामग्री प्राप्त गर्न : ०

ञ) अन्य कुनै भए : ०

सि.नं.	सेवाको नाम	मूल्याङ्कन - उपयुक्त कोठामा ( ) रेजा चिन्ह लगाउने		
१	सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो?	अति स्पष्ट	ठीकै	अस्पष्ट
		१२	३४	४
२	सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?	अति धेरै	ठीकै	थोरै
		४	३६	१०
३	तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण	ठीकै	अभद्र/अमर्यादित
		२१	२९	०
४	सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?	अति स्पष्ट गरिदिए	ठीकै	अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए
		१६	३२	२

CS CamScanner

५	तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?	अति सजिलो तरिकाबाट समाधान दिए	ठीकै	समाधान दिन सकेनन्
		१२	३६	२
६	सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?	अति सजिलो (छोटो)	ठीक	लामो र झन्झटिलो
		२०	२६	४

श्रोत: नागरिक सन्तुष्टि फारम

२) कार्यालयको राम्रो लागेको र सुधार गर्नुपर्ने पक्षहरु

राम्रा लागेका कुराहरु	सुधार गर्नुपर्ने विषयहरु
१) राजश्व वडाबाट नै तिर्ने व्यवस्था मिलाईएको छ । २) सामाजिक सुरक्षा भत्ता वडाबाट नै वितरण ३) प्रधानमन्त्री स्वरोजगारको कार्यक्रम पनि कृषी क्षेत्रमा लागु गर्ने पालिकाको कार्य राम्रो छ । ४) पालिकामा आउदा काममा ढिलासुस्ती हुँदैन । ५) जनप्रतिनिधिहरु टोलटोलमा पुगेर प्राथमिकताको आधारमा मागहरु सम्वोधन भएको । ६) एकिकृत वस्तिको अवधारणा राम्रो लाग्यो । ७) वडा नम्बर ४ ले उत्कृष्ठ उपभोक्ता समिति, टोल विकास संस्था, क्लब, आमा समुहलाई गरेको सम्मान राम्रो लाग्यो । ८) विषयगत शाखा र समितिको जिम्मेवारी बोध राम्रो लाग्यो । ९) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषी क्षेत्रमा लगाईएको राम्रो लाग्यो ।	१) कार्यपालिकाले गरेको निर्णयहरु गाउँसम्म थाहा दिनु पर्यो । २) कुनै पनि सुचना बेलैमा प्रचारमा ल्याउनु पर्यो । ३) ठुला आयोजनाहरुको उपभोक्ता समिति गठन गोप्य तरिकाले गरिएको । ४) पालिका वा वडाबाट जारी हुने सुचनाहरु सामाजिक सञ्जालबाट मात्र नभएर अन्य माध्ययमबाट पनि दिनु पर्यो । ५) योजनाहरुको पर्याप्त अनुगमन गर्नु पर्यो ६) पालिका भित्रको बजारलाई अहिलेबाट नै व्यवस्थापन गर्नु पर्ने । ७) कार्यालयबाट मुस्कान सहितको सेवा दिनु पर्यो । ८) आगामी आ.व.को सम्पूर्ण योजना तथा कार्यक्रमहरु वैशाख मसान्त भित्र सम्पन्न हुने नीति ल्याउनु पर्यो । ९) वडा तथा पालिकाको बार्षिक आमदामी तथा

CamScanner

१०) कर्मचारीहरुले कार्यालय समय भन्दा बाहिरपनि सेवा दिएका छन् ।	खर्च सार्वजनिक गर्नु पर्यो । १०) भुक्तानी प्रकृया झण्झटिलो छ, सहज बनाउनु पर्यो ।

श्रोतः नागरिक सन्तुष्टि फारम

७) कार्यक्रममा उठेका जिज्ञासा, प्रश्न र उत्तर

क्र सं.	प्रश्नकर्ताको नाम	सहभागीको प्रश्न, सुझाव	उत्तरदाता अधिकारी	जवाफको छोटकरी ब्यहोरा
१	वीरवहादुर तामाङ चिचिला ४	१) सामुदायिक भवन चाँहि बनाउने, सौचालय नवनाउनाले समस्या भयो । हाम्रो वडामा बनेको सामुदायिक भवनमा सौचालय बनाउन सहयोग गर्नु पर्यो । ३) वडा नम्वर ३ को खर्सुदेखि कुवापानी जोड्ने बाटो किन खुल्न सकेन ?	वालकुमार तामाङ वडा अध्यक्ष चिचिला ४	१) हाम्रो बजेट श्रोत नै सानो छ । मागहरु भने अलि बढि नै छ । हामीले सौचालय नवनाउने भन्ने त होईन, प्राथमिकताको आधारमा काम भईरहेको छ । हो, यो बर्ष तपाईकोमा सौचालय परेन, तर अर्को ठाउँमा सौचालय बनेको छ । २) हामीले यस अधिबाट नै उक्त सडकको ट्रयाक खोल्ने काम सुरु गरेका थियौं । तर काम पुराहुन सकेको थिएन । यो सबै बजेट अभावकै कारणले हो । यस पटक भने अरुण तेश्रोको सामाजिक उत्तरदायित्वको बजेटबाट सडक खोल्ने काम हुन्छ ।
२	प्रदिप गुरुङ चिचिला १	यो बर्ष पर्यटनको बजेट खर्च किन हुन सकेन ?	सन्तोष राई प्रमुख प्रशासकीय अधिकृत	यो बर्ष पर्यटन क्षेत्रको लागि जम्मा ३१ लाख रुपैयाँ विनियोजित भएको थियो । मुख्य गरि मकालु हिरक पार्क निर्माणको लागि बजेट निर्माण गरिएको थियो । उक्त स्थानमा काम भने भएको तर फरफराक

CamScanner

				गर्न मात्र बाँकी रहेको हो ।
३	नरबहादुर गुरुङ चिचिला १	१) गाई, गोरु र भैंसिको सिङ डाम्ने व्यवस्था ल्याउनु पर्यो २) गाउँपालिका प्रशासकीय भवन बनाउदा भ्रष्टाचार भएको भन्ने सुनिन्छ । खास कुरा के हो ? ३) योजना सञ्चालन गर्दा प्राविधिकलाई रकम दिएर मात्र मुल्याङकन प्रतिवेदन दिएको भन्ने कुरा छ, के हो ?	१) दिर्घमान राई, पशु अधिकृत २) पासाङ नुर्बु शेर्पा गाउँपालिका अध्यक्ष शुक्रादेवी राई पुर्व प्रमुख प्रशासकीय अधिकृत, हाल जिल्ला समन्वय अधिकृत ३) विशाल कटुवाल, राज राई प्राविधिक	१) सहि हो, गाई गोरुको सिङ डाम्ने प्रविधि छ । त्यो यो ठाउँको लागि नयाँ हो । यो चाँहि बच्चा जन्मिएको १५ दिन भित्र डाम्ने काम गरिसक्नुपर्छ । यसको लागि कास्टिक सोडा लगायतका सामानहरु आवश्यक पर्छ । त्यो काम गर्न सकिन्छ । २) गाउँपालिका भवन निर्माणको क्रममा हामीले भ्रष्टाचार गरेको आरोप लगाउनुभयो, कहाँ कुन शिर्षकमा, कत्ति भ्रष्टाचार भएको हो ? त्यो प्रमाणित गर्नुहोस्, यदि प्रमाणित भए म पदमा बसिरहन उचित हुँदैन । तर आरोपको लागि आरोप मात्र हो भने यो ठिक भएन । प्रमाणित गर्नको लागि चुनौति दिन्छु । (गाउँपालिका अध्यक्ष) म यो पालिकामा प्रमुख प्रशासकीय अधिकृत भईरहँदा कुनै पनि प्रकारको अनियमितता गरेको छैन । हामी लामो समयको मेहेनतपछि सरकारी सेवामा आएका हुन्छौं । (शुक्रादेवी राई) २) हामी प्राविधिकले मुल्याङ्कन गरेका कुन योजनाबाट कत्ति रकम लियौं ? त्यो प्रमाणित होस्, प्रमाणित भए हामी कारवाहि भोग्न

CS CamScanner

				तयार छौं, नत्र आरोप लगाउनेलाई कारवाहि हुनै पर्छ
४	दलबहादुर राई चिचिला ३	हाम्रो वडामा लामो समयदेखि बत्ति छैन, सोलार पनि नभएकोले वडाबाट पाउनु पर्ने सेवाबाट बञ्चित छौं । यसको समाधान किन नभएको ? सोलार किन मर्मत नभएको	१) जीतबहादुर राई वडा अध्यक्ष २) सन्तोष राई प्रमुख प्रशासकीय अधिकृत	१) हाम्रो वडामा अत्याधिक विद्युत कटौटी हुन्छ । त्यसको विकल्पमा सोलार सिस्टम राखेका थियौं । त्यो बिग्रेपछि समस्या हुन गएको हो । हामी पालिकामा मर्मतको लागि सिफारिस गरेका छौं । २) मैले पनि सोलार ब्याट्रि हेरेको छु । मर्मत हुने अवस्था छैन । अहिले बाढि पहिरोले सडक भत्काएको छ । बाटो सहज हुने वित्तिकै ब्याट्रि रिप्लेस गरिदिन्छौं ।
५	नरबहादुर गुरुङ चिचिला १	अघि भ्रष्टाचारको कुरा गरेको थिएँ, त्यो मैले आफैले भनेको होईन अरुले भनेको सुनेको हो ।	-	-
६	नुदन राई प्रअ, जालपा मावि, चिचिला ३	१) समस्याग्रस्त गाउँपालिका भित्रका सहकारीहरुको व्यवस्थापन के हुँदैछ ? २) पर्यटनको योजना के हुँदैछ ?	पासाङ नुर्वु शेर्पा गाउँपालिका अध्यक्ष	१) मुख्य गरि हामीसँग २ वटा सहकारीहरु समस्यामा छन् । त्यस मध्ये दिदिङ सहकारीलाई पटक पटकको प्रयासपछि समस्या समाधान तर्फ लागेका छौं । ऋण लगेकाहरुले नतिरेको र सहकारी नियमित सञ्चालन नभएपछि समस्यामा परेको उक्त सहकारीको भेलाले आयब्याय सहितको ४ खाताको अवस्थाको बारेमा अध्ययन भएको छ । गाउँपालिकाबाट नै कर्मचारी खटिएर रकमको अवस्थाको बारेमा अध्ययन भएको थियो । अब विशेष साधारणसभा बोलाएर नियमित

CamScanner

				गर्ने कुरा भएको छ । यसको समाधान भएपछि अर्को सहकारीको काममा लाग्छौं । २) पर्यटनलाई हामीले प्राथमिकतामा राखेका छौं । साविक दिदिङ तिर धुँवा छाँगा, नागदह र चुच्चे ढुङ्गाको डिपिआर समेत तयार गरि विभिन्न निकायमा पेश गरियो । संघ र प्रदेशमा माननीयहरुसँग पनि कुरा भयो तर बजेट प्राप्त हुन सकिरहेको छैन । साविक मत्स्यपोखरी गाविसमा पनि मत्स्यपोखरी, कप्ताने पोखरी, मकालु हिरक पार्क र बलुथामको विस्तृत डिपिआर तयार भयो तर माथिबाट आवश्यक रकम नआएकोले सोंचे जस्तो काम हुन सकेको छैन ।
७	बीरसिंह गुरुङ नेता, नेकपा माओवादी केन्द्र	मन्तब्य, सुझाव	-	१) वेदवारी बन क्षेत्रमा ठुलो संख्यामा रुख कटान भएको छ । उक्त बन कटान रोक्नु पर्यो २) ठेक्का लगाउँदा किन ढिलो खुल्छ ? चाँडो ठेक्का खुलाउनु पर्यो ।
८	चन्द्रबहादुर गुरुङ नेता, नेपाली कांग्रेस	मन्तब्य, सुझाव	-	जे काम गरे पनि जनताको चाहना र आवश्यकता अनुसार गर्नु पर्यो । आम नागरिकहरुको गुनासोको सुनुवाई तत्काल हुनु पर्यो । अहिलेसम्म पालिकाले राम्रै काम गरिरहेको छ ।
९	शुक्रादेवी राई	मन्तब्य, सुझाव	-	चिचिलासँग मेरो पुरानो

	जिल्ला समन्वय अधिकारी			सम्बन्ध छ । पालिकाको उन्नयनको लागि खेल्नु पर्ने भुमिका मेरो तर्फबाट भरपुर हुनेछ ।
१०	बबिता खत्री उपप्रमुख, जिल्ला समन्वय समिति सङ्खुवासभा	मन्तब्य, सुझाव	-	चिचिला गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम राम्रो लाग्यो । नेपाल कृषी प्रधान देश भएकोले त्यस तर्फ बढि लक्षित हुनु पर्यो । महिलाहरुको सशक्तिकरण गरि सिप विकासमा लाग्ने खालको कार्यक्रम ल्याउनु पर्यो । जसबाट महिला दिदिबहिनीहरु ब्यावसायीक बन्न सकोस । कार्यक्रममा बोलाईदिनु भएकोमा धन्यवाद ।
११	पासाङ नुर्वु शेर्पा अध्यक्ष, चिचिला गाउँपालिका	समापन मन्तब्य	-	-

८) सिकाई सुझाव

यस बर्ष चिचिला गाउँपालिकामा २ वटा सार्वजनिक सुनुवाई कार्यक्रम भए । त्यस मध्ये यस पटक अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो । यस कार्यक्रम सञ्चालन पश्चात निम्न सुझावहरु दिन चाहन्छौ ।

क) कार्यक्रममा स्थानीय सहभागिता अपेक्षाकृत देखिएन, यसको कारण खोजी गरि सहभागिता बढाउनु पर्यो ।

ख) कार्यक्रम एक स्थानमा मात्र नभई क्षेत्रगत गरि २ स्थानसम्मा गर्न सके स्थानीयको सहभागीता बढ्न सक्छ ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रमवाट आएका सुझाव कार्यान्वयनको लागि छुट्टै टिम वनाउनुपर्ने ।

घ) नागरिक वडापत्र सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।

ङ) स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

CamScanner

९) निष्कर्ष

गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रमको तयारीको क्रममा नागरिक प्रतिवेदन फारम संकलन गर्ने क्रममा गाउँ तथा टोलसम्म पुगियो । यस क्रममा स्थानीय नागरिकहरुको अलिखित प्रतिकृयाहरु पनि लिईयो । समग्रमा गाउँपालिकाको विकास निर्माण तथा कार्यक्रमहरुबाट नागरिकहरु सन्तुष्ट नै रहेको पाईयो । स्थानीय तहलाई सेवाग्राही प्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वातावरणमा जन गुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकार अझै बढ्नेछ । भने साशन प्रकृयामा पारदर्शिता अवलम्वनको लागि प्रभावकारी माध्यम वन्ने छ ।

प्रतिवदन तयार पार्ने

ध्यान कुलुङ

कार्यक्रम सहजकर्ता, बगैंचा मिडिया एण्ड एड्भर्टाईजिङ प्रा.लि.

हस्ताक्षर:

सार्वजनिक सुनुवाई कार्यक्रमका केहि तस्विरहरु

CS CamScanner

गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ मा
सञ्चालन भएको योजना तथा कार्यक्रमहरूको
सार्वजनिक सुनुवाई
मितिः २०८१ असार ६ गते
स्थानः चिचिला गाउँपालिकाको
मिडिया एण्ड प्रा.लि.
खाँदबारी, संखुवासभा

CamScanner

भएको योजना
सार्वजनिक सुनुवाई
मिति: २०८१ असार ६ गते
सहजीकरण
खाँदबारी, संखुवासभा

चिचिला गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ मा
सञ्चालन भएको योजना तथा
सार्वजनिक सुनुवाई
मिति: २०८१ असार ६ गते
सहजीकरण
मिडिया एण्ड
खाँदबारी, संखुवासभा

CamScanner

CamScanner

CamScanner

CamScanner

अनुसुचीहरु

१) प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन

२) वहिर्गमन अभिमत (स्याम्पल)

३) स्थानीय रेडियोहरुको प्रसारण प्रमाणपत्र

४) कार्यक्रमको उपस्थिति विवरण

५) कार्यक्रमको तस्विरहरु

CamScanner